मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
प्रदेश नं. ५, नेपाल

## आवधिक योजना निर्माणको लागि परामर्श सेवा सम्वन्धी प्रस्ताव आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६।११।१६

यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसार आ.व. २०७७।०७८ देखि २०८१।०८२ को लागि आवधिक गाउँपालिका योजना निर्माण गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र(१५) दिन भित्र इच्छुक परामर्शदाताहरुबाट तपशीलको शर्तको अधिनमा रही रीतपूर्वकको आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशीलः

१) पेश गर्नुपर्ने कागजातहरु

प्रस्ताव पेश गर्न इच्छुक रहेको आवेदन,सस्थाको विस्तृत बिवरण, कम्पनी दर्ता, नवीकरण,भ्याट,प्यान दर्ता तथा कर चुक्ताको प्रमाणपत्रहरु, सस्थाको प्रोफाईल तथा कार्यानुभव विवरण, सस्थाको विगत तीन बर्षको वित्तीय कारोवार सम्वन्धी विवरण, सस्था कालोसूचीमा नपरेको स्वघोषित पत्र,एकल परामर्शदाताको हकमा विगत ३(तीन) बर्षको र दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समूह, सगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिनेको हकमा विगत ५(पाँच) वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम,स्थान र विवरण तथा नीजको व्यक्तिगत बिवरण, सस्थाका प्रमुख कर्मचारीहरु तथा आवद्ध पेशागत विज्ञहरुको व्यक्तिगत बिवरण(CV) तथा कार्यानुभवको क्षेत्रहरु प्रस्तावको सेवा कराररनामा शर्त(ToR) मा उल्लेख भएको डाटासिट बमोजिम पेश गर्नु पर्नेछ ।

२) प्रस्तावको सेवा करारनामा शर्त(ToR) र आर्थिक प्रस्तावको फारम सूचना प्रकाशित मितिले १४ औं दिनको कार्यालय समय भित्र खरिद गर्नु पर्नेछ । सोको लागि मालारानी गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखामा रु. १०००।००(एक हजार) (१०००) फिर्ता नहुने गरी बुझाएको नगदी रसिद र कम्पनी/ संस्था दर्ता, नविकरण, भ्याट, प्यान दर्ता तथा कर चुक्ताको प्रमाणपत्रहरु संलग्न राखी आवेदन पेश गर्नु पर्नेछ ।

३) खरिद गरिएको फारमको महलहरुमा स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी सूचना प्रकाशन भएको मितिले १५औं दिनको १२।०० बजे भित्र यस कार्यालयमा उपस्थित भई सिलबन्दी प्रस्ताव दर्ता गर्न सकिनेछ । १५ औं दिनका दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिन दर्ता गराउन सकिने छ ।

४) जमानत वापतको धरौटी रकम यस गाउँ कार्यपालिका कार्यालयको मेगा बैंक लिमिटेड, खनदह शाखामा रहेको धरौटी खाता नं. ००४००१००८२२४३ मा जम्मा गरी त्यसको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ७५ दिन म्याद भएको जमानत पत्र, प्रस्तावपत्रसाथ पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत बापतको भौचर, रसिद, विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिईनेछ ।

५) यस सूचनामा उल्लेख भएका कुरा सोही सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
६) प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
७) म्याद नाघी, कुनै शर्त राखी वा रीत नपुगी आएका प्रस्ताव उपर कुनै कारवाही गरिनेछैन ।
८) थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
९) कामको विवरण, प्रस्तावको सेवा करारनामा शर्त(ToR) दस्तुर, विडवण्ड रकम मान्य अबधी खरिद र दाखिला गर्नेअन्तिम मितिको विवरण निम्न अनुसार छ ।

| सूचना नं. | कार्यविवरण | प्रस्तावको सेवा करारनामा शर्त(ToR) र प्राविधिक र आर्थिक प्रस्तावको फारम दस्तुर रु. | विडवण्ड रकम रु. | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १२-आगावियो-२०७६/७७ | गाउँपालिका आवधिक योजना तर्जुमा/ निर्माण | १०००।०० | २२०२१ | २०७६।११।२९ गते कार्यालय समय भित्र | २०७६।११।३० गते दिउसो १२।०० बजे भित्र | २०७६।११।३० गते दिउसो १।०० बजे |

प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकिय अधिकृत**